# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

# ऐसेलुखर्क गाउपालिका

# लेखापरीक्षण प्रतिवेदन

# २०७४।७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न ऐसेलुखर्क गांउपालीकाको स्थापना भएको हो । यसको कार्य स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यस गाउँपालिकामा ७ वटा वडा रहेको गाउँसभा ३९ सदस्य रहेको यस गाउँपालिका प्रदेश नं.१ मा पर्दछ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ७९०६२१६.६७ | १ | **चालु खर्च** | | १५७७६४९९६ |
| | क) नगद | ० | | २ | **पूँजीगत खर्च** | | ११४३२५९२४ |
| | ख) बैंक | ७९०६२१६.६७ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| | ग) बिपद खाता | | | ४ | **सशर्त अनुदान** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | १२७६६०४.७४ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १२७६६०४.७४ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ५ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | २८३७४३५९३ | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | १४८००९००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १३५७३४५९३ | | | अन्य लगानी | | |
| | ग) समपुरक अनुदान | | | | विविध खर्च | | |
| | घ) विशेष अनुदान | | | | बिपत खर्च | | |
| | | | | ६ | **धरौटी फिर्ता** | | |
| | | | | ७ | **सशर्त फिर्ता** | | |
| | | | | ८ | **कोष खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ४५०००० | ९ | **मौज्दात** | | २२४८९५१८.४१ |
| | क)वित्तीय समानीकरण अनुदान | ० | | | क) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | ४५०००० | | | ख) बैंक मौज्दात : | | |
| | ग) समपूरक अनुदान | | | | मूल खाता | | |
| | घ) विशेष अनुदान | | | | बिपत खाता | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | धरौटी खाता | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | | | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | | | | | |
| १० | धरौटी आय | | | | | | |
| | विपत आय | | | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | कन्टेन्जेन्सी आय | | ११६८८२८ | | | | |
| १३ | अन्य विविध आय | | ३५१९६ | | | | |
| | **जम्मा** | | **२९४५८०४३८.४१** | | **जम्मा** | | **२९४५८०४३८.४१** |

**आन्तरीक आम्दानी**

| | शीर्षक नं. | लगत हसबली समेत रु. | असुली रु. | दाखिला रु. | बाँकी रु. | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | - | १२७६६०४.७४ | १२७६६०४.७४ | १२७६६०४.७४ | - | - |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १ | **खर्च गर्ने अख्तियारी र कार्यविधि:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। गाँउपालिकाले सो अनुसारको अख्तियारी प्रदान गरेको देखिएन। | |
| २ | **वजेट पेश गर्ने तथा पारित गर्ने :**स्थानिय तह संचालन ऐन,२०७४ को दफा ७१ वमोजिम स्थानिय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यापालीकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ तग वर्षको वास्तविक आय व्यय,चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नु पर्ने व्यवस्था छ। यस गाउँपालिकाले २०७५।५।२१ मा मात्र वजेट स्वीकृत गरेको छ। ऐनले तोके वमोजिम आषाढ मसान्त भित्र वजेट पारीत गरीनु पर्दछ। | |
| ३ | **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालिलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। यस गाउंपालिकाले आन्तरिक नियन्त्रण प्रणालि तयार गरी कार्यान्वयन गरेको देखिएन । | |
| ४ | **लेखा,आर्थिक कारोवार तथा जिन्सी सम्वन्धमा :**खरीद आर्थिक कारोवार तथा जिन्सी व्यवस्थापन सम्वन्धमा निम्नानुसार कार्य भएको पाईएन।<br>१. खरीद योजना तयार नगरेको,<br>२. नगदी रसिद नियन्त्रण खाता नराखेको,<br>३. आन्तरीक लेखापरीक्षण नभएको साथै आर्थिक विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट निकासा खर्च प्रमाणित नभएको,<br>४. वैंक नगदी किताव कम्प्युटर प्रिन्ट गरी प्रमाणित गरेर वाइण्डीङ गरी व्यवस्थित नगरेको,<br>५. कन्टेन्जेन्सी खर्चको सहायक खाता नराखेको,<br>६. आर्थिक कारोवारको संक्षिंप्त प्रतिवेदन तयार नगरेको,<br>७. पेश्की वाँकी जिम्मेवारी नसारेको,<br>८. मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा नपठाईएको,<br>९. खर्च भएर जाने खातामा एकमुष्ट आम्दानी खर्च जनाएको,दाखिला नं. र निकासी नं. उल्लेख नगरेको,<br>१०.मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा नपठाएको। | |

ऐन नियमले तोकेको व्यवस्था एवं प्रकृयाको अवलम्वन गरी आन्तरीक नियन्त्रण प्रभावकारी वनाउनु पर्दछ ।

५ **आन्तरीक लेखापरीक्षण :**स्थानीय सरकार संचालन ऐन तथा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ मा आन्तरीक लेखा परीक्षण सम्वन्धी व्यवस्था छ । कार्यालयको आन्तरीक लेखा परीक्षण भएको पाइएन । अन्तिम लेखापरीक्षण अगावै आन्तरीक लेखापरीक्षण गराई आन्तरीक लेखा परीक्षणवाट देखिएका वेरुजू फछ्यौंट गरी स्रेस्ता अद्यावधिक गर्नु पर्नेमा आन्तरीक लेखापरीक्षण नभएको,बैंक नगदी किताव कम्प्युटर प्रिन्ट गरी प्रमाणीत गरी सवै शिर्षकको अद्यावधिक गरेको पाईएन । तोकिए बमोजिम आन्तरीक लेखापरीक्षण गरी स्रेस्ता अद्यावधिक गरिनु पर्दछ ।

६ **लक्ष्य  प्रगती र चौमासिक खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३२(३) मा स्थानीय तहले आफुले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले १५ दिन भित्र मन्त्रालय तथा प्रदेश समक्ष पेश गर्नुपर्ने व्यवस्थ छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रम नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावलीको नियम २५ मा अनुसूची २ को ढाँचामा चौमासिक प्रगती तयार गर्नुपर्ने व्यहोरा उल्लेख छ ।कार्यालयले बार्षिक कार्यसम्पादन प्रगति प्रतिबेदन तयार गरेको छैन । निम्नानुसार प्रथम चौमासिकमा २.८२९ प्रतिशत,दोस्रो चौमासिकमा १६.६६६ प्रतिशत,तेस्रो चौमासिकमा ८०.५०३प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ मसान्तमा ३४.२४० प्रतिशत खर्च देखिएको छ । यसरी तुलना गर्दा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।

| विषय | बजेट खर्च | प्रथम चौमासिक खर्च | दोस्रो चौमासिक खर्च | तेस्रो चौमासिक खर्च | आषाढ खर्च | आषाढको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| वित्तिय समानिकरण पूंजीगत(२२६१२) | १०६००८६४८ | ३०००००० | १७६६७८५२ | ८५३४०७९६ | ३६२९८२२१ | ३४.२४० |
| **जम्मा** | **१०६००८६४८** | **३००००००** | **१७६६७८५२** | **८५३४०७९६** | **३६२९८२२१** | |

७ **टुके योजना :** योजना तर्जुमा गर्दा त्यसवाट प्राप्त हुने प्रतिफल समेत विचार गरी गरिनु पर्दछ । कार्यालयले यो वर्ष संचालित कार्यक्रमहरुमा २० हजार देखि ४० लाख सम्म छुट्याएको छ । धैरे योजनामा वजेट छुट्याउँदा खर्चको उपलब्धी र दिगोपनामा असर पर्ने भएकोले उपलब्धिमुलक अत्यावस्यक र रणनैतिक महत्वका योजनाहरु योजना प्राथमिकिकरण गरिनु पर्दछ ।

| | योजना संख्या | वजेट | खर्च | संपन्न भएका | कार्यान्वयन नभएको | कैफियत |
|---|---|---|---|---|---|---|
| **गाउँपालिका स्तरीय** | | | | | | |
| | २२ | ५४४३७८०० | ४७२२३५५० | २१ | १ | |
| **वडा स्तरीय** | | | | | | |
| वडा नं. १ | १० | ९०००००० | ८९९८८४८ | १० | ० | |
| वडा नं. २ | २८ | ९०००००० | ८८००००० | २७ | १ | |
| वडा नं. ३ | २३ | ९०००००० | ८८९९०४९ | २३ | ० | |
| वडा नं. ४ | १३ | ८०००००० | ८०००००० | १३ | ० | |
| वडा नं. ५ | २१ | ८५००००० | ७९३०००० | १९ | २ | |
| वडा नं. ६ | २० | ८०००००० | ७७००००० | १८ | २ | |
| वडा न. ७ | २४ | ८५००००० | ८४५७२०१ | २४ | ० | |

उपरोक्त खर्चमा कृषि सम्वन्धि मन्त्रालयगत कार्यक्रम रु.५७७०५००,पशु सेवा सम्वन्धित मन्त्रालयगत कार्यक्रम रु.१८४३८८० समेत समावेस भएको छ । कार्यक्रम वजेट पूजिगत शिर्षकमा खर्च लेखेको देखिन्छ ।

| | | |
|---|---|---|
| ८ | **लागत अनुमान :** गाउँपालीका अन्तर्गत संचालित प्राय सवै उपभोक्ता समितिले सडक निर्माणमा डोजर एक्साभेटर प्रयोग गरेको देखिन्छ । सवै योजनाको अर्थ वर्क फर एक्साभेसन एवं आइटमको लागत अनुमान तयार गरेको,प्रत्येक आयोजनाको चेनेज ०+००० वाट शुरु उल्लेख भएको,उपभोक्ताले सम्झौता पश्चात निर्माण व्यवसायी लाई कार्य गर्न दिई केहीले कर विजक पेश गर्ने र केहीले लगशिट र ईन्धन विल पेश गरी भुक्तानी लिएको देखिन्छ । हेभि मेशिनरी औजार प्रयोग गर्ने गरी सम्झौता गर्ने र निर्माण व्यवसायीलाई काम दिने प्रवृत्तिले गुणस्तर नहुने,राजस्व प्राप्त नहुने र उपभोक्ताको योगदान समेत नरहने देखिदा यस्तो कार्य पद्दतिमा पुनरावलोकन हुनुपर्दछ । | |
| ९ | **खर्च प्रमाणीत :**सार्वजनिक परीक्षण सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति बाट काम गराउने कार्यविधि सम्वन्धि व्यवस्था रहेको छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराएको छ । उपभोक्ता समितिले कामको प्राविधिक मुल्याङ्कन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकवाट अनुमोदन गराई पेश गर्नु पर्ने,खर्चको सूचना सार्वजनिक स्थानमा टास गर्नु पर्ने र सामाजिक लेखा परीक्षण गर्नु पर्ने उल्लेख छ । प्राय समितिले स्वीकृत वजेट मात्र खुलाई आयोजना संपन्न भएको उल्लेख गरेको देखिन्छ । खर्चको विवरण सहित समितिको बैठकवाट अनुमोदन गर्ने,सार्वजनिक स्थानमा टास गर्नु पर्ने र सामाजिक परीक्षण गराउने व्यवस्था अवलम्बन गरिनु पर्दछ । | |
| १० | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । कार्यालयका अधिकांस सडक र निर्माण योजना उपभोक्ता समितिले सम्झौता गरी निर्माण व्यवसायीलाई दिएको र स्काभेटर मार्फत कार्य गरेको देखिन्छ । निर्माण व्यवसायीको कर विजक भएमा १.५ प्रतिशत र लगसीटको आधारमा भुक्तानी गर्दा १० प्रतिशत भाडा कर कट्टी गरी भुक्तानी गरेको छ । उपभोक्ताले खर्च सार्वजनिक गरेको र सामाजिक लेखापरीक्षण गराउने गरेको प्रमाण पेश गरेको पाइएन । | |
| ११ | **सवारी साधन :** ऐसेलुखर्क गाउँपालिकाको आन्तरीक आय रु.१२७६६०४.७४ (पेश्की फछ्र्यौट ४४२५०० समेत) प्राप्त भएको देखिन्छ कार्यालयले यो वर्ष सवारी साधन खरीदमा रु.१ करोड विनियोजन गरी स्कार्पियो एस फाइभगाडी र व्याक हो लोडर र मोटरसाइकल खरीद गरेको छ । स्थानिय तहले सवारी साधन खरीद गर्न अर्थमन्त्रालय बाट स्वीकृती लिएको देखिएन । वित्तिय समानीकरण,पूजीगत अनुदान बाट स्कार्पियो र व्याक हो लोडर खरीद गरेको देखिन्छ । निश्चित मापदण्ड र संचालन क्षमताका आधारमा खरीद गरीनु पर्नेमा स्वीकृत वेगर सावारी साधन खरीद नियमित देखिएन । | |
| १२ | **व्याक हो लोडर संचालन खाता :** कार्यालयले यो वर्ष व्याक हो लोडर खरीद गरी रु.४३५०००० खर्च लेखेको र २०७४/१२/२९ मा जिन्सी खातामा आम्दानी जनाएको छ । गाउँपालीकाको बैठकबाट यान्त्रिक उपकरणहरु संचालन कार्यविधि २०७५ स्वीकृत गरेको देखिन्छ । लोडर संचालनको छुटै आम्दानी खर्च खाता राखी व्याक हो लोडर संचालन मर्मत संभार,तलव भत्ता,इन्धन खर्च लगायतको खर्च र आम्दानी देखिने गरी खाता आद्यावधिक गरिनु पर्दछ । असार मसान्त सम्ममा २०० घण्टा चलेको निवेदन अनुसार अपरेटर भत्ता खर्च लेखे पनि सो वापत आय आर्जन गरेको देखिएन । यस वाट विना लगबुक आफुखुसी संचालन भएको देखिन्छ । ठूलो लगानीमा खरीद मेशिनहरुको मर्मत संभार र संचालन खर्च समेत धेरै हुने देखिएको ले छुटै आम्दानी खर्च खाता राखी लागत लाभ एकिन गरिनु पर्दछ । डोजर संचालन आय सम्वन्धमा छानविन गरी वास्तविकता यकिन गरीनु पर्दछ । | |
| १३ | **कन्टेन्जेन्सी खाता :** कायालयले वजेट वाँडफाड भएका आयोजनावाट २ प्रतिशत कन्टेन्जेन्सी वापतको रकम खर्च लेखी खातामा केडिट जनाउने गरेको देखिन्छ । कन्टेन्जेन्सी खर्चको छुटै अभिलेख नराखिएकोले कन्टेन्जेन्सीवाट के कति खर्च भई कति रकम वाँकी रहेको छ एकिन हुने देखिएन ।यो वर्ष कन्टेन्जेन्सी रकमवाट विद्युतीकरणमा २० लाख पाईप खरीदमा ५ लाख र अनुगमन खर्च गरी रु.११६८८२८ मुल कोषमा जम्मा गरेको देखिन्छ ।कन्टेन्जेन्सी खर्चको छुटै अभिलेख राखी वजेट वाडफाड स्वीकृत गरी खर्च गरिनु पर्दछ । | |
| १४ | **जिन्सी सम्पत्ति :** जिन्सीसामानको केन्द्रीय अभिलेख राखी आवश्यकता अनुसार हस्तान्तरण फाराम भरी पठाउने र सम्वन्धित वडामा अभिलेख राख्नु पर्दछ । वडावाट खरीद कम्प्युटर प्रिन्टर,मोटर साइकल,फर्निचर लगायतको जिन्सी अभिलेख कार्यालयमा रहेको पाइएन । कतिपय वडाहरुले जिन्सी आम्दानी गरेको प्रमाण संलग्न नगरेको,वडाले वजेट खर्च नगरेको र हरेक खर्च जिन्सीको अवश्था खुल्ने गरी भौतिक परीक्षण गरी प्रतिवेदन समेत | |

तयार नगर्ने भएकोले जिन्सीको अवस्था एकिन नभई जिन्सी सामान हिनामिना हुन सक्ने भएकोले विगतमा गाउविकास समितिवाट खरीद भएका सामानहरु समेतको जिन्सीको अद्यावधिक अभिलेख तयार गरिनु पर्दछ ।

१५ **विद्युतिय लेखा :**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Reqlatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले सांग्रीला सफ्टवेयर प्रयोग गरेको जानकारी प्राप्त भएको छ । यस्तो सफ्टवेयरको विश्वसनियता परीक्षण गरी सम्वन्धित निकायबाट प्रमाणित गरेको प्रमाण पेश भएन । पेश्की जिम्मेवारी सार्ने र फछ्र्यौट गर्ने तथा आर्थिक विवरण जेनेरेट नभएको हुंदा वित्तिय विवरण तयारीमा समस्या देखिएको छ । तोकिए बमोजिम को विद्युतिय लेखा प्रयोग गरीनु पर्दछ ।

१६ **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नपर्ने व्यवस्था छ । गाउंपालिकाको कर्मचारी दरवन्दी २५ रहे पनि आन्तरीक पदपूर्ति ४ र सरकारवाट १० गरी जम्मा १४ पदपूर्ति रहेको देखिन्छ । तोकिएवमोजिमको पदपूर्ति गरी कार्य सम्पादन प्रभावकारी वनाउनु पर्दछ ।

१७ **राजस्व तर्फ :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन् ।

१७.१

१. यस गाउँपालिका अन्तर्गत ७ वटा वडा रहेको ती वडा कार्यालयहरुले मालपोत,पञ्जिकरण,नागरिकता सिफारिस र अन्य आयका शीर्षकहरुमा रकम उठाउने गरेको देखियो । अन्य आयमा एम्बुलेन्सबाट प्राप्त भएको आम्दानी संस्था दर्ता र अन्य आम्दानी रहेको देखिन्छ । एस वर्ष सबै शीर्षक समेतमा जम्मा रु.१२७६६०४.७४ आम्दानी गरेको देखिन्छ यो वर्ष राजश्व लक्ष्यको.....प्रतिशत मात्र आम्दानी गरेको देखिन्छ ।

कार्यालयबाट बुझेर लगेका मालपोत र नगदी रसिद मध्ये वडा नं. १ ले ९ ठेली,वडा नं. २ ले २१,वडा नं. ४ ले ७,वडा नं.५ ले १४,वडा नं. ५ ले ७ र वडा नं. ७ ले ९ र कार्यालयबाट काटेको ६ ठेली मध्ये ५ ठेली समेत जम्मा ७३ ठेली रसिद फिर्ता हुन बाँकी रहेको देखियो । कार्यालयले रसिद नियन्त्रण खाता नराखेको,समयमा नगदी रसिद बाट प्राप्त रकम हिसाव गरी लिने गरेको देखिएन । वडा कार्यलयहरुले दाखीला गरी विवरण पेश गरेको आधारमा कार्यालयले आम्दानी जनाउने गरेको देखियो । राजस्व असुली र दाखिलाको विवरण संलग्न गरी मासीक फाटवारी समेत तयार गरिनु पर्दछ ।

१८ **वडास्तरीय साधारण खर्चको चौमासिक खर्च विवरण :**

गाउँपालिका अर्न्तगतका ७ वटा वडा कार्यालयले दोस्रो किस्ता वापत रु.५०००००/ का दरले रु.३५०००००/ पेश्की लगेको र सो पेश्की खर्च गरी पेश गरेको वील भरपाई परीक्षण गर्दा खर्चको स्थिति निम्नानुसार देखियो ।

| वडा नं. | भौ.नं,मिति | सामान खरीद | मर्मत | खाना,खाजा | बैठक भत्ता | दै.भै.भत्ता | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १५४,२०७५/३/१२ | ७५८४० | ५९९४० | ५७७२० | १०८००० | १४९५२० | ४९१२८ | ५००००० |
| २ | १३५,२०७५/२/२४ | ९७८०५ | ३९५५० | ४०५०० | १०८००० | १२३३०० | ९०८४५ | ५००००० |
| ३ | १४८,२०७५/३/३ | २४७९६० | ३४५० | २४१६० | ९०००० | ११२९३० | २१५०० | ५००००० |
| ४ | ११६,२०७५/२/१० | ७४४७० | ३९०९० | ८९५५० | ९६००० | १०४१२० | ९६७७० | ५००००० |
| ५ | | १४३९१५ | ५२४१० | ८६१४५ | ४०८०० | १३७१०० | ३९६३० | ५००००० |
| ६ | | १४४११० | ० | ४५२०५ | ७२००० | ११५०८० | १२४०४० | ५००००० |
| ७ | ११७,२०७५/२/१० | ६१९९५ | १३६५२४ | ७१६४० | १०८००० | ६९६६० | ५२३४४ | ५००००० |
| जम्मा | | ८४६०९५ | ३३०९६४ | ४१४९२० | ६२२८०० | ८११७१० | ४७४२५७ | ३५००००० |

उपरोक्त खर्च अनुसार कार्यालय सामानमा रु ८४६०९५ खर्च लेखेकोमा सामान अधिकांश साधारण वील बाट

<table>
<tr>
<td></td>
<td>खरीद गरी जिन्सी दाखिला गरी सोही मितिमा खर्च लेख्ने गरेको,मर्मतमा रु ३३०९६४ खर्च भएको मध्ये यसै वर्ष खरीद भएको वडा नं. ७को मोटरसाइकल समेत मर्मत गरी खर्च लेखेको र अधिकांश वडाले (६ नं. वाहेक) मोटरसाईकल मर्मतमा खर्च देखाउने गरेको,खाना तथा खाजामा रु.४१४९२० खर्च लेखेकोमा सादा वीलमा खाना, खाजा र चिया उल्लेख गरी खर्च लेख्ने गरेको तर उक्त खानाखाजा के प्रयोजनमा खर्च गर्नु परेको भन्ने प्रष्ट्याई हुने नगरेको, बैठक भत्तामा वडा नं. ५ ले रु ४०८०० खर्च लेखेको छ भने वडा नं. १,२ र ७ ले रु.१०८०००,वडा नं.१ ले रु.१४९५२०,वडा नं.५ ले रु.१३७१००,वडा नं.३ ले रु.१२३३०० खर्च लेखेको छ, बैठकको माइन्यूट र बैठक वसेको मिति र समय सम्म पनि उल्लेख नगरी बैठक भत्ता लेख्नु उपयुक्त देखिएन । दैनिक भ्रमण भत्तामा वडा नं. ७ ले रु.६९६६० खर्च लेखेको छ, भ्रमण आदेश वडाध्यक्षको गा.पा.प्रमुख र वडा सचिवको प्र.प्र.अ.ले गर्ने गरेको तर भ्रमण गर्ने स्थान दिक्तेल र काठमाण्डौ उल्लेख गर्ने तर भ्रमणको उदेश्य नै नहुने अवस्थामा पनि भ्रमण खर्च गरेको देखियो । यथार्थ काममा मात्र भ्रमण गरी भ्रमण अभिलेख राख्ने र फर्किएपछि भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा दै.भ्र.भत्ता खर्च लेख्ने प्रयोजनका लागि मात्र भ्रमण गरेको अवस्था देखिन आयो । यसप्रकारका खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।</td>
<td></td>
</tr>
<tr>
<td>१९</td>
<td>वडा कार्यालयको खर्च व्यवस्थापन : यस गाउँपालिका अन्तर्गत ७ बटा वडा रहेको र ती वडाहरुको लागि ३ किस्तामा रु.७४३१३१६ पठाएको र वडा सचिवले उक्त रकम खर्च गरी वील भरपाई कार्यालयमा पेश गर्ने गरेको देखियो । चालु खर्च तर्फ निम्न वडा कार्यालयले निम्न रकम खर्च गरी वील भरपाई कार्यलयमा पेश गरेको देखियो ।
<table>
<tr><th>वडा नं.</th><th>खर्च रकम रु.</th></tr>
<tr><td>१</td><td>११०००००</td></tr>
<tr><td>२</td><td>११०००००</td></tr>
<tr><td>३</td><td>११०००००</td></tr>
<tr><td>४</td><td>११०००००</td></tr>
<tr><td>५</td><td>१०९६११०</td></tr>
<tr><td>६</td><td>८३५२०६</td></tr>
<tr><td>७</td><td>११०००००</td></tr>
<tr><td>जम्मा</td><td>७४३१३१६/</td></tr>
</table>
उक्त रकमबाट वडा कार्यालयहरुले खाना,खाजा खर्च,वडा अध्यक्ष तथा सचिवको दैनिक भ्रमण भत्ता खर्च,मर्मत,संचार, वैठक भत्ता,अनुगमन भत्ता र सेवा शुल्क आदि कार्यमा खर्च गरेको वील भरपाई पेश गरेको देखिन्छ । वडा कार्यालयहरुमा रकम पठाउदा खर्च शिर्षक लेखिनु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२०</td>
<td>विविध आम्दानी : राजस्व आम्दानी गर्दा शिर्षक खुलाई आम्दानी जनाउनु पर्दछ । यो वर्ष रु.३५१९६ विविध आय जनाएको छ । उक्त रकम नगदी रसिदवाट आय नभएकोले के वापत आम्दानी भएको हो एकिन गरिनु पर्दछ । राजस्व आम्दानी को स्रोत वेगरको आम्दानी यथार्थ नहुने भएकोले यस सम्वन्धमा स्पष्ट गरिनु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२१</td>
<td>तलवी प्रतिबेदन : निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ बमोजिम जिल्ला स्थित कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिबेदन पारित नगरी खर्च लेखेको छ । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२२</td>
<td>न्याय सम्पादन - न्यायिक समितिले मुद्दा दर्ता, फछ्र्यौट, बाँकी र मेलमिलाप भई टुङ्गीएको छुट्टै अभिलेख राखेको पाईएन । प्रस्तुत न्यायिक समितिको निर्णय पुस्तिका अनुसार ३५ उजूरी परेको मध्ये ३४ वटा टुङ्गिएको र १ वटा टुङ्गो लाग्न नसकी जिल्ला अदालत पठाइएको पाईयो ।</td>
<td></td>
</tr>
<tr>
<td>२३</td>
<td>वातावरणीय प्रभाव : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका/गाउंपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । यस गांउपालीकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । बाताबरणीय प्रभाब अध्ययन नगराईकन नै आयोजनाहरु सन्चालन गरेको पाईयो ।</td>
<td></td>
</tr>
<tr>
<td>२४</td>
<td>सामुदायिक रेडियो हलेसी एफ.एम लाई रु.६०९८४/५० को कम्प्युटर पठाएको उल्लेख भएकोमा जिन्सी खातामा आम्दानी नगरेको साथै हस्तान्तरण फाराम समेत नपठाएको ले खर्च नियमित देखिएन ।</td>
<td></td>
</tr>
<tr>
<td>२५</td>
<td>११३,२०७५/२/९वडा नं ६ मा विभिन्न वर्गका १३६ जना सामाजिक सुरक्षा भत्ता वितरण गर्न योग्य नागरिक रहेको र निजले पंजिकरण विभागको नामनामेसी प्रिन्ट नगरी वितरण गरेको र नपुग रकम रु.८६२८० वडाको</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td>चालु वजेट वाट खर्च लेखेको देखिन्छ । स्वीकृत नमावली अनुसार मात्र भत्ता वितरण गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td>१४९,२०७५/३/२७ राजस्व परामर्श समितिमा रु. १०५०० वजेट तथा कार्यक्रम तर्जुमा समितिमा रु.१३५००,सामाजिक समितिमा रु.९००० पूर्वाधार समितिमा रु. १३५००,गाउँसभा वैठकमा रु. १३६५०० समेत रु .५२९५०० वैठक भत्ता खर्च लेखेको देखियो । उक्त वैठक कुन कुन मितिमा वसेको हो माइन्युट संलग्न गरेको पाइएन । वैठकमा सहभागी भएको उपस्थिति र निर्णय प्रमाणीत गरी स्रेस्तामा राखिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td>७१,२०७५/२/१५ :वडा नं. ३ मा प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना (नयाँ पकेट सञ्चालन आलु) सञ्चालनको लागि तेज व.दाहाल को अध्यक्षतामा उपभोक्ता समिति गठन भएको छ । सम्झौता अनुसार कृषकहरुलाई कम्पोष्ट मल र आलुको विउ वितरण गर्न गाउँपालीका बाट ३ लाख र उपभोक्ता समिति बाट ७१८०० व्यहोर्ने सम्झौता भएको छ । मिति २०७४।१०।१४ मा कम्पोष्ट मल र आलुको विउ खरिद गर्न भनि एकमुष्ट रु १२०००० नगद ५५ कृषकहरुलाई वितरण भएको छ । यस सम्बन्धमा प्रतिक्रिया लिदा कृषक संग मल र आलुको विउ भएकोले नगद नै वितरण भएको जानकारी भयो । अनुसन्धनकेन्द्रबाट उत्पादीत गुणस्तरीय विउ वितरण गरी उत्पादकत्व वृद्धि गर्नु पर्नेमा नगद वितरण नियमित नदेखिएको रु.</td><td>१२००००</td></tr>
<tr><td>२८</td><td>४८,२०७५/१/१९ :२०७५/१/१२ मा गाउँ कार्यपालिकाको निणर्य नं १ मा घरेलु तथा साना उद्योग विकास समितिबाट ७ दिनको डकिर्मी तालिम सञ्चालन वापत रु.२०५००० भुक्तानी दिने निणय भएकोमा वडा नं.३ को शनिवारे हटियामा निर्माण भएको युरीन चर्पी निर्माण भएको भनि भुत्तानी भएकोले नियम संगत नदेखिएको रु.</td><td>२०५०००</td></tr>
<tr><td>२९</td><td>२८,२०७५/३/१९ :विद्यार्थि खेलकुद सामाग्री खरीद गर्न भनी वडा नं. २ को श्री कालिका मा.वि वाकाचोल का प्र.अ. धर्मानन्द घिमिरे विच २०७५।२।२९ मा गाउँपालिका बाट रु.१ लाख व्यहोर्ने भनि सम्झौता भएको छ । सम्झौता बेगर विद्यालयमा तालिम संचालन भएको र प्रशिक्षक र सहयोगि भत्ता भनि १२००० र स्टेस्नरी सामान,खाना र खाजा भनि रु.४०४४० को विल र बाँकि रकमको जय बुक डिपो,भोटाहिटिको विलवाट सामान खरीद भएको भनि भुक्तानी भएको छ । यसरी सम्झौतामा विपरीत तालिम संचालन वापतको खर्च रकम यथार्थपरक छ भन्ने आधार नदेखिएकोले असुल हुनु पर्ने रु.</td><td>५२४४०</td></tr>
<tr><td>३०</td><td>कार्य सम्पादन जमानत : सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११० मा सम्झौता गर्न कार्य सम्पादन जमानत पेश गर्नु पर्ने र कार्य सम्पादन जमानतको मान्य अवधि वारेन्टीको अवधि वा त्रुटी सच्चाउने दायित्व ( डिफेक्ट लायविलिटिज) को अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनु पर्ने उल्लेख छ । कार्यालयले नेशनल फायर सेफ प्रा.ली. संग व्याक हो लोडर रु.४३५०००० मा मिति २०७५/११/२९ मा सम्झौता गरेकोमा कार्य सम्पादन जमानत पेश गरेको नदेखिएको नियमसम्बत देखिएन । उक्त मेशिनको वारेन्टी अवधि एक वर्ष र फ्रि सर्भिस समेत भएकोले सो वारेन्टी अवधिको वाणीज्य वैंक वाट जारी कार्य सम्पादन जमानत पेश गर्नुपर्ने रु.</td><td>२१७५००</td></tr>
<tr><td>३१</td><td>रिटेन्सन मनि : सार्वजनिक खरीद नियमावली २०६४ को दफा १२३ को उपदफा ४ मा सार्वजनिक निकायले वील वा वीजकको भुक्तानी गर्दा पांच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने र दफा १२४ मा यस्तो रकम त्रुटी सच्चाउने अवधि समाप्त भए पछि सम्वन्धित आन्तरीक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि फिर्ता दिनु पर्ने उल्लेख छ । कार्यालयले निम्नानुसार भुक्तानीमा रिटेन्सन मनि कट्टा नगरेकोले वारेण्टी अवधिभित्र हुने मर्मत संभार नहुने जोखिम बढेको छ । नियमले तोके अनुसार धरौटी जम्मा गरीनु पर्ने रु.
<table>
<tr><th>पार्टीको नाम</th><th>खरीद भएको गाडिको नाम</th><th>वील रकम</th><th>धरौटी रकम</th></tr>
<tr><td>अग्नी इन्कर्पोरेटेड प्रा.ली</td><td>स्कार्पियो</td><td>४९५००००</td><td>२४७५००</td></tr>
<tr><td>नेशनल फायर सेन्ड प्रा.ली</td><td>व्याक हो लोडर</td><td>४३५००००</td><td>२१७५००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>९३०००००</td><td>४६५०००</td></tr>
</table></td><td>४६५०००</td></tr>
<tr><td>३२</td><td>विद्युतिकरण :ऐसेलुखर्क गाउँपालिकाका सवै वडामा केन्द्रिय विद्युत विस्तार गर्ने कार्यक्रमको लागि कन्टेन्जेन्सीवाट रु १३ लाख र खेलकुद मैदान निर्माण कार्यक्रमको वजेट वाट रु ७ लाख व्यहोर्ने गरी कार्य गर्ने निर्णय भएको देखिन्छ । नेपाल विद्युत प्राधिकरणको लागत अनुमान अनुसार यो वर्ष रु१९९५०८७.२९ को कार्य आषाढ मसान्तमा सम्पन्न गर्ने गरी २०७५/१/२८ मा सम्झौता गरेको देखिन्छ । उक्त कार्यको खर्च विल भरपाई र कार्य संपन्न प्रतिवेदन वेगर पेश्की समेत नजनाई विद्युत प्राधिकरण लाई भुक्तानी गरेको देखिएकोले खर्च नियमित देखिएन । खर्चको विल भरपाई प्राप्त गरी नियमित गर्नु पर्ने रु.</td><td>१९९५०८७.२९</td></tr>
</table>

<table>
<tr><td>३३</td><td>पेश्की वाँकी : आर्थिक कार्य विधि नियमावली २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । पेश्की रकम जिम्मेवारी सारी फछ्र्यौट गर्ने गर्नु पर्दछ । कार्यालयले यो वर्ष पेश्की जिम्मेवारी सारेको छैन । गत वर्ष सम्मको पेश्की वाँकी रु.१४७९९०९६.५० रहेकोमा आर्थिक वर्षको अन्त्यमा रु. ८६७५०० र लेखापरीक्षण अवधि सम्म रु.२६०३०३ फछ्र्योट गरी गत विगतको पेश्की वाँकी रु१३६७१२९३ देखिन्छ । चालु आ.व. मा मोवु खोला माफ गाँउ कुलो सिंचाई उपभोक्ता समितिलाई गएको पेश्की रु.४००००० फछ्र्यौट हुन वांकी देखिन्छ । पेश्की वांकी विवरण आद्यावधिक गरी नियमानुसार पेश्की असुल फछ्र्यौट हुनु पर्ने देखिन्छ । चालु आ.व.को पेश्की वाँकी रु.</td><td>४०००००</td></tr>
<tr><td>३४</td><td>नन्फाईलरः शुसेली सप्लायर्स (३०१७३५२४०२) लाई निम्नानुसार खरीदमा मुल्य अभिवृदि कर समेत भुक्तानी भएकोमा उक्त फर्म २०७४ कार्तिक देखि नन् फाइलर रहेको देखिन्छ । मासिक मुल्य अभिवृद्धि कर विवरण वुझाउने गरी दर्ता भएको उक्त फर्मले विवरण समेत नवुझाई मुल्य अभिवृदि कर दाखिला नगरेको हुंदा सो को विवरण सम्वन्धित कर कार्यालयमा पठाई कर वापतको रकम दाखिला प्रमाण पेश हुनु पर्ने रु.
<table>
<tr><th>भौ.नं.,मिति</th><th>विल नं.र मिति</th><th>भुक्तानी रकम</th><th>मु.अ.कर</th><th>कैफियत</th></tr>
<tr><td>९,२०७४/१०/२२</td><td>३७/२०७४८/२५</td><td>१८५०००</td><td>२१२८३</td><td>मिन व. राई फर्निचर पे.फ</td></tr>
<tr><td>८,२०७४/१०/१४</td><td>१०३/२०७४/१०/१०</td><td>९८८७५</td><td>११३७५</td><td></td></tr>
<tr><td>९,२०७४/१०/२२</td><td>४८/२०७४/१०/१२</td><td>१५००००</td><td>१७२५६</td><td>वडा नं. ४ फर्निचर</td></tr>
<tr><td>१०,२०७५/१/१४</td><td>१३७/२०७४/१२/५</td><td>१३६१३५</td><td>१५६६५</td><td>वडा नं. ५ फर्निचर</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५७००१०</td><td>६५५७९</td><td></td></tr>
</table></td><td>६५५७९</td></tr>
<tr><td>३५</td><td>जग्गा प्राप्ती : पर्यटन पूर्वाधार कार्यक्रम अन्तर्गत माकिपा पर्यटन क्षेत्र विकास समिति लाई यो वर्ष रु.९१८३४४ भुक्तानी गरेको छ । समितिले प्रोफेसनल इन्जिनियरिङ्ग कन्सलटेन्सीलाई ल्याण्ड स्केपिङ डिजाईन आर्किटेकचरल परामर्श तथा सुपरभिजन वर्क भनि रु.४७०००० भुक्तानी गरेको पाईयो । समितिले कन्सल्टेन्ट संग गरेको मिति २०७५/३/१ को सम्झौता अनुसार कुल लागतको ३ प्रतिशत दिने उल्लेख गरेको छ । पर्यटन क्षेत्र विकास समितिले जग्गा प्राप्ती नगरेको साथै स्रोत सुनिश्चितता वेगर नै लागत अनुमानको आधारमा रकम भुक्तानी गर्ने गरी सम्झौता गरेको देखियो रु. ११ करोड ३२ लाख ०२ हजारको लागत अनुमान तयार भएको भनिए पनि सो सम्वन्धि विस्तृत ड्इङ्ग डिजाइन र लागत अनुमान पेश गरेको देखिएन । यो वर्ष परामर्श दातालाई भुक्तानी गरेको रु.४७०००० को सम्वन्धमा क्षेत्रगत शर्तहरु (TOR) र लागत अनुमान समेत तयार नगरेकोले परामर्शवापत भुक्तानीखर्च वास्तविक छ भन्ने आधार नदेखिएको रु.</td><td>४७००००</td></tr>
<tr><td>३६</td><td>युवालक्षित स्वरोजगार डकर्मी तालीम ५५ दिनको प्रशिक्षक श्री मद वहादुर थापालाई खाना तथा आवास भनि रु.४५००० भुक्तानी गरेको पाईयो । प्रशिक्षक भत्तामा आयकर ऐन २०५८ को दफा ८८ अनुसार १५ प्रतिशत अग्रीम कर असुल हुनु पर्ने रु.</td><td>६७५०</td></tr>
<tr><td>३७</td><td>१८५,२०७५/३/१५वडा नं. ३ का विभिन्न सदस्यहरु ५ जनाले योजना अनुगमन गरेवापत रु.४२००० भत्ता बुझिलिएकोमा आयकर ऐन २०५८ को दफा ८८ अनुसार १५ प्रतिशत ले हुने रु.६३०० कर असुल हुनुपर्ने रु.</td><td>६३००</td></tr>
<tr><td>३८</td><td>१८८,२०७५/३/१५ वडा नं. २ का विभिन्न योजनाहरु निरीक्षण गरेको भनी विभिन्न ६ जना पदाधिकारीहरुले रु.८४००० भत्ता बुझिलिएकोमा आयकर ऐन २०५८ को दफा ८८ १५ प्रतिशत ले हुने रु. १२६०० कर असुल हुनु पर्ने रु.</td><td>१२६००</td></tr>
</table>

<table>
<tr><td>३९</td><td>१८८,२०७५/३/२५ वडा नं. २ कार्यालयमा तेस्रो चौमासिकमा साधारण वजेट तर्फ रु.४२०००० खर्च लेखेको देखियो । सो वजेट अन्तर्गत कार्यालय संचालन,बैठक भत्ता,दैनिक भ्रमण भत्ता र योजना अनुगमन भत्ता लगायतका शीर्षकमा खर्च लेखेको र सो मध्ये २०७५/१/१५ को वील बाट रु १८३०० को विभिन्न रिचार्ज कार्ड खरीद गरेको देखिएको छ खर्चको मापदण्ड स्वीकृत नगरी व्यक्तिगत प्रयोगको खर्च लेख्न मिल्ने नदेखिएको रु.</td><td>१८३००</td></tr>
<tr><td>४०</td><td>वित्तीय जवाफदेहिता मूल्यांकन : सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्यांकन गर्न तोकिएका सूचकको आधारमा मूल्यांकन गरी सो को आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन र विकास निर्माण सम्बन्धमा लेखापरीक्षणको शिलशिलामा मूल्यांकन गर्दा ग्रेड B ( धेरै राम्रो) प्राप्त गरेको पाइएको छ । उल्लेखित विषयहरुमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td>वेरुजू - गाउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु ४लाख ९१ हजार, नियमित गर्नुपर्ने रु ८ लाख ६६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २२ लाख ७८ हजार र पेश्की रु ४ लाख समेत ४० लाख ३५ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई ० फछ्र्यौट भई रु ४० लाख ३५ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>४१.१</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट ११२७८०३/गरेको प्रमाण पेश भएको छ । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको बेरुजू रकम (रु.)</th><th>यो वर्ष फछ्र्यौट रु.</th><th>बाँकी रु.</th></tr>
<tr><td>५१,०६,०००/-</td><td>११२७८०३/</td><td>३९७८१९७/</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१.२</td><td>अद्यावधिक बेरुजू स्थिति : ऐसेलुखर्क गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षको फछ्र्यौट गर्न बाँकी (रु.) ©</th><th>यो र्ववर्षको सं प.बाट कायम बेरुजू रु. (D)</th><th>यो वर्षको कायम बेरुजू रु. (E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>३९७८१९७/-</td><td>०</td><td>४०३४५५६/२९</td><td>८०१३७५३/२९</td></tr>
</table></td><td></td></tr>
</table>